शनिवारे तथा वुधवारे हटिया कर संकलन कार्यको लागि

ठेक्का सम्झौता फाराम

लिखितम श्री झ्याम्पल तामाङ्ग को नाती श्री टेक वहादुर तामाङ्ग को छोरा श्री मिन वहादुर तामाङ्ग भोजपुर जिल्ला भोजपुर नगरपालिका वडा नंवर ७ कोदार स्थायी घर भई हाल भोजपुर नगरपालिका वडा नंवर ७ भोजपुर वजारमा वसोवास गर्दै आएको वर्ष ५३ को श्री मिन वहादुर तामाङ्ग ले तपशिल बमोजिमको शर्तमा तपशिल बमोजिमको क्षेत्रमा शिलवन्दि दरभाउपत्र वढावड वाट ठेक्का वन्दोवस्त गर्ने गरी यस कार्यालयवाट प्रकाशित गरिएको मिति २०८१।०४।०१ को सूचना बमोजिम हटिया कर सङकलनका लागि तपाई समेतले पेश गर्नु भएको शिलवन्दि दरभाउ पत्र मुल्यांकन गर्दा आ.व. २०८१।०८२ का लागि १,७५,०५०।०० अक्षेरिपि रु एक लाख पचहत्तर हजार पचास मात्र कवोल गरी मुल्य अभवृद्धि कर वाहेक मा तपाईसँग ठेक्का सम्झौता गर्न मिति २०८१।०४।२५ मा यस कार्यालयवाट निर्णय भएको हूँदा उपर्युक्त निर्णय अनुसार तपसिलका शर्त बमोजिम तपसिल बमोजिमका क्षेत्रमा भोजपुर नगरपालिकाको तर्फवाट आय संकलन गर्ने ठेक्काको मन्जुरी भई सम्झौता गर्न उपस्थिथ भएकोछु ।

तपशिलमा लेखिए वमोजिमको शर्तमा कुनै घटीवढी नपारी कामकाज गरी कवोल गरेको रकम रु १७५०५०।०० वाट यस कार्यालयलाई १० दश प्रतिशतले हुने छुट पाउने रकम रकम रु १७५०५।०० रकम कटाई सम्पुर्ण किस्ताको एकमुष्ट १,५७,५४५।०० नगदी रसिद नंवर **४०५** वाट कुल कवोल रकमको अग्रिम कर १.५ प्रतिशतले हुने रकम रु २,६२५।७५ तथा कवोल रकम को मु.अ.कर रु २२,७५६।५० गरि कुल रकम रु १,८२,९२७।२५ नगदि रसिद नंवर ४०५ वाट वुझाई मिति २०८१।०४।२७ देखि २०८२।०३।३१ सम्म आ.व. २०८१/०८२ को लागि ठेक्का चलाउनेछु । पछि मैले गरेको सम्झौता उपर कुनै उजुर गर्नेछैन गरे यसै कागजातबाट बदर गरीदिनु भनी मेरो मनोमानी राजीखुसी संग रकम चलनको कवुलियत लेखी यस कार्यालयमा वुझाएको छु ।

तपशिल

१. यस सम्झौतापत्रमा उल्लेख गरिए बमोजिमका क्षेत्र भित्र र शर्तको अधिनमा रही आ.व.२०८०।०८१ का लागि छुट पाउने रकम कटाई कवोल रकम रु १,७५,०५०।०० को मुल्य अभिवृद्दि कर कवोल गरेको रकम को १३ प्रतिशतले रु २२,७५६।५० र कवोल रकमको अग्रिम कर २,६२५।७५ सहित गरी जम्मा नगद रु १,८२,९२७।२५ वुझाई २०८१।०४।२७ गते देखि २०८२।०३।३१ गते सम्मको लागि प्रचलित कानूनको अधीनमा रही हटिया कर/आय संकलन गर्नेछु ।
२. उक्त आय संकलन गर्नका लागि नगरपालिका क्षेत्रभित्र रहेका यसैसाथ संलग्न सूचीका मालवस्तुमा सोहि सूचीमा तोकिएको दरमा विक्रि/ मूल्य /सेवा शुल्क वा दस्तुरको रुपमा आय संकलन गर्ने गरि नगरपालिका भोजपुरलाई अग्रिम एकमुष्ट रकम वुझाएको छु ।
३. सो संकलन गर्न नगरपालिकाबाट निर्धारण भएको वस्तुमा तोकिदिएको दर बाहेक अन्य कुनै किसिमको कर सेवा शुल्क दस्तुर इत्यादि थप गरी लिने छैन र भोजपुर नगर कार्यपालिकावाट प्रमाणित गरिए बाहेकका रसिदहरु प्रयोग गरी आय संकलन गर्ने छैन । अनुगमन समिति वा स्थानीय तहबाट अनुगमन हुँदा कुनै अनधिकृत रकम असुल उपर गरेको वा अनधिकृत रसीद प्रयोग गरेको पाईएमा नियमानुसार कारबाही र सजाय भएमा कलाई मन्जुर छ ।
   क. नेपाल सरकार वा नगरपालिका लाई प्रचलित कानुन बमोजिम वुझाउनुपर्ने अन्य कर दस्तुर शुल्क आदी सवै ठेकेदार स्वयमले सम्वन्धित निकायमा वुझाउनु पर्नेछ । सो वापत वुझाएको रकमलाई कवोल गरेको ठेक्का रकमवाट कट्टा गर्न पाईनेछैन ।

नि. प्रमुख प्रशासकीय अधिकृत

ख. शुल्क उठाउने रसिदहरु ठेक्काको शिर्षक खुल्ने गरी ठेकेदारले आफ्नै तर्फवाट छपाई गरी यस कार्यालयको छाप लगाई प्रमाणित गराएर र रसीद नियन्त्रण खातामा नम्वर दाखिला गरेर मात्र कर दस्तुर उठाउन प्रयोगमा ल्याउनुपर्नेछ ।

ग. बिक्रि करका दर रेटको सूची तालिका र शर्तहरु सहितको होर्डिङ वोर्ड कर संकलन केन्द्रमा अनिवार्य रुपले ठेकेदारले सर्वसाधरणले देख्ने गरी राख्नु पर्नेछ ।

घ. ठेक्का सम्वन्धमा कुनै विवाद परेमा त्यस्तो विवादको समाधान प्रचलित कानून वमोजिम हुनेछ ।

ङ. तोकिएको म्यादभित्र ठेकेदारले नगरपालिकालाई वुझाउनु पर्ने किस्ता रकम नवुझाएमा भोजपुर नगरपालिकाले जुनसुकै वखत ठेक्का तोड्न सक्नेछ र हानी नोक्सानी क्षतिपूर्तिको रकमको साथै वाकि किस्ता रकमको १० प्रतिशतका दरले व्याजसमेत ठेकेदारबाट नगरपालिकाले असुल गर्नेछ ।

च. प्रचलित ऐन नियम बमोजिम ठेक्काको शर्त तथा दररेटमा कुनै संशोधन भएमा संशोधित व्यवस्था बमोजिम हुने गरी कार्यान्वयन गर्नुपर्नेछ ।

छ. ठेक्का सम्झौता भएको मितिको भोलिपल्ट वा सो दिनको चार वजे देखि २०८२।०३।३१ सम्म विहान ८ वजे देखि वेलुका ६ वजे सम्म मात्र कर संकलन समय अवधि हुनेछ ।

ज. कुनै पनि व्यक्ति वा संस्थाले विक्रि वितरण गर्ने प्रयोजनको लागि नीजि सटर वा छाप्रो वा गोठ वनाई सो स्थानबाट पशु वध गरी वा नगरी विक्रि वितरण गरिने क्षेत्रमा समेत कर उठाउन सकिनेछ ।

झ. यसमा उल्लेख भएका कुराहरुमा सोहि वमोजिम र यसमा उल्लेख नभएका कुराहरुको हकमा प्रचलित कानून वमोजिम हुनेछ ।

ञ. कर संकलन गर्ने पारित गरिएको करका दरः

| अनुसुची ६ - | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| वहाल विटौरी कर | | | | | | | | |
| क्र.सं. | विवरण | आ.व. २०७५/७६ | आ.व. २०७६/७७ | आ.व. २०७७।७८ | आ.व. २०७८।७९ | आ.व. २०७९।८० | आ.व. २०८०।८१ | आ.व. २०८१।८२ |
| १ | रांगाको मासु पसल (प्रति रांगो) | रु ३०० | रु ३०० | ३०० | ३०० | ३०० | ३०० | ४०० |
| २ | सुंगुरको मासु पसल (प्रति सुंगुर) | रु ३०० | रु ३०० | ३०० | ३०० | ३०० | ३०० | ४०० |
| ३ | कुखुरा प्रति गोटा | रु १५ | रु १५ | १५ | १५ | १० | १० | १५ |
| ४ | जडीवुटी पसल | रु ३० | रु ३० | ३० | ३० | २० | २० | २० |
| ५ | जिउंदा रांगो प्रतिगोटा | रु १२० | रु १२० | १२० | १२० | १५० | १५० | ३०० |
| ६ | खसी,बोका प्रतिगोटा | रु ६० | ६० | ६० | ६० | ६० | ६० | १०० |
| ७ | जिउंदो सुंगुर प्रतिगोटा | रु ८५ | रु ८५ | ८५ | ८५ | ६० | ६० | १०० |
| ८ | सुंगुरको पाठो प्रतिगोटा | रु ३० | रु ३० | ३० | ३० | ३० | ३० | ५० |
| ९ | खाद्यान्न सामाग्री पसल | रु २५ | रु २५ | २५ | २५ | २५ | २५ | २५ |
| १० | तरकारी पसल धेरै प्रकारको होलसेल | रु २५ | रु २५ | २५ | २५ | २० | २० | २०० |



नि. प्रमुख प्रशासकीय अधिकृत

भोजपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भोजपुर
कोशी प्रदेश

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | तरकारी पसल फिजाएर राख्ने | | | | | | | ५० |
| | तरकारी पसल डोको वा झोला | | | | | | | २० |
| ११ | चिउरा पसल | रु २५ | रु २५ | २५ | २५ | २५ | २५ | २० |
| १२ | डोका नाङ्लो पसल | रु २५ | रु २५ | २५ | २५ | - | - | - |
| १३ | खुद्रा किराना पसल | रु २५ | रु २५ | २५ | २५ | २० | २० | २० |
| १४ | फलफूल पसल | रु २५ | रु २५ | २५ | २५ | ३० | ३० | - |
| १५ | कच्चा सूर्ति पसल | रु ३५ | रु ३५ | ३५ | ३५ | ३५ | ३५ | ५० |
| १६ | इलेक्ट्रोनिक्स सामान पसल | रु ४८ | रु ५० | ५० | ५० | ५० | ५० | ५० |
| १७ | शनिवारे होटल | रु ७८ | रु ८० | ८० | ८० | ८० | ८० | १०० |
| १८ | पाउरोटी पसल | रु १५ | रु १५ | १५ | १५ | २० | २० | २० |
| १९ | माटाका भाडा पसल | रु ३० | रु ३० | ३० | ३० | - | - | ० |
| २० | तयारी कपडा जुत्ता पसल | रु ८० | रु ८० | ८० | ८० | ८० | ८० | २०० |
| २१ | हरेक माल खुद्रा घुमन्ते पसल | रु ३५ | रु ३५ | ३५ | ३५ | ३५ | ३५ | ५० |
| २२ | खसी बोकाको मासु पसल | रु १२० | रु १२० | १२० | १२० | १२० | १२० | १२० |
| २३ | माछा आलो (पसल) | रु ९० | रु ९० | ९० | ९० | ९० | ९० | १०० |
| २४ | सुकुटी माछा (पसल) | रु ३० | रु ३० | ३० | ३० | ३० | ३० | ३० |
| २५ | राडी गलैंचा (पसल) | रु ६० | रु ६० | ६० | ६० | - | - | ५० |
| २६ | घुमन्ते जादु प्रदर्शनी | रु ६० | रु ६० | ६० | ६० | ६० | ६० | १०० |
| २७ | कस्मेटिक सामान श्रृंगार पसल | रु ६० | रु ६० | ६० | ६० | ६० | ६० | ६० |
| २८ | स्थानीय उत्पादित फलामे औजार पसल | रु ३० | रु ३० | ३० | ३० | २० | २० | ० |
| २९ | अण्डा (पसल) | रु १५ | रु १५ | १५ | १५ | १५ | १५ | १५ |
| ३० | छालाको सामान (पसल) | रु २५ | रु २५ | २५ | २५ | २५ | २५ | २५ |
| ३१ | चटपटे पसल | रु ३० | रु ३० | ३० | ३० | ३० | ३० | ३० |
| ३२ | झुलतन्ना आदि सामाग्रीको घुमन्ते पसल | रु ८० | रु ८० | ८० | ८० | ८० | ८० | ८० |
| ३३ | धातुकाभांडा पसल | रु ८० | रु ८० | ८० | ८० | ८० | ८० | २०० |



नि. प्रमुख प्रशासकीय अधिकृत

| | |
|---|---|
| क. | ढक तराजुको नाप इकाइ मा विक्री हुने खाद्यान्न, दाल चामल, आदि सामानहरुको कर निर्धारण गर्ने प्रयोजनका लागि वढीमा ५० केजी सम्मको सामानलाई प्रति इकाइ मानी तोकिएको दरमा हटियाकर असुलगर्ने र सो भन्दा वढीको सामानहरुका हकमा प्रति ५०।५० केजीको शुरु तोकिएको दरमा खप्टयाएर हटियाकर असुल गर्ने । |
| ख. | उल्लेखित निर्णयमा समावेश हुन छुट भएका सामानहरुको विक्रीका लागि शनिवारे/ वुधवारे हटियामा आएका सामानहरुको रु २५।०० प्रति व्यापरि असूल उपर गर्ने । |

ठेकेदारको तर्फवाट हस्ताक्षर गर्ने

हस्ताक्षर ..........
नामःश्री मिन वहादुर तामाङ्ग
वुवाको नामः श्री टेक वहादुर तामाङ्ग
वाजेको नामः श्री झ्याम्पल तामाङ्ग
ठेगानाः भोजपुर नगरपालिका वडा नंवर -७ भोजपुर
फर्मको नामः सजिन निर्माण सेवा
स्था.ले.नं./मु.अ.कर दर्ता नं. ६१५८९६२१४
मितिः२०८१।०४।२७

कार्यालयको तर्फवाट हस्ताक्षर गर्ने

हस्ताक्षर ..........
कार्यालय प्रमुखको नामः श्री मुकुन्द राई
पदः प्रमुख प्रशासकीय अधिकृत
ठेगानाः नगरकार्यपालिकाको कार्यालय भोजपुर
मितिः२०८१।०४।२७

साक्षिहरु

१. श्री विजय तामाङ्ग भो.न.पा.- ७ भोजपुर
२. श्री राजेश कुमार तामाङ्ग भोनपा – ७ भोजपुर
३. श्री लदोर्चि शेर्पा अधिकृत छैठौं

मितिः २०८१।०४।२७